# पञ्चपुरी नगरपालिकाको १७ औं नगरसभामा आर्थिक वर्ष २०८२/०८३को लागि नगर उप-प्रमुख श्री मुक्तिदेवी रेग्मी (पुरी) द्वारा प्रस्तुत

## बार्षिक बजेट तथा कार्यक्रम

नगरसभाका सभाध्यक्षज्यु,

नगरसभा सदस्यज्युहरु,

प्रमुख प्रशासकीय अधिकृतज्यु,

राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार मित्रहरु र उपस्थित सम्मपुर्ण महानुभावहरु,

१.संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना संविधानतः भएपछि नेपालले संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको संरचना अंगिकार गरे पश्चात स्थानीय तह सदस्यको दोस्रो निर्वाचन सम्पन्न भएको पनि ३ वर्ष पुरा भैसकेको छ।पञ्चपुरी नगरपालिकाको पहिलो कार्यकाल सफल भएकैछ ।यस परिप्रेक्ष्यमा पञ्चपुरी नगरपालिकाको बजेट तथा कार्यक्रम समितिको संयोजकको हैसियतले सम्मानित सभाबाट स्वीकृत नीति तथा कार्यक्रमको अधिनमा रहि सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई अत्यन्तै गौरवान्वित भएको अनुभुति गरेको छु।

२. सर्वप्रथम राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र परिवर्तनका लागि वलिदान दिनुहुने सम्पुर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाईते, वेपत्ता, पिडित परिवार र सम्पुर्ण नागरिकहरु प्रति पञ्चपुरी नगरपालिकाको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

३. यस नगरपालिकाको बजेट तयार गर्ने सन्दर्भमा नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, संघीय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, आवधिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन, कानून नियम र कार्यविधिहरुबाट निर्देशित हुँदै यस नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्नेगरी बजेट तर्जुमा गरेको छु।

४. बजेट तयार गर्ने क्रममा विगतको हाम्रो अनुभव, माननीय संघीय एवं प्रदेश सांसद, स्थानीय राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र सहकारी एवं स्थानीय सामुदायिक संघसंस्था, बुद्धिजिवी, सञ्चारकर्मी लगायतको क्षेत्रबाट प्राप्त राय, परामर्श, सुझाब लगायतको अन्य विभिन्न क्षेत्रबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेट्दैं आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमको तर्जुमा गरिएको छ।

५."कृषि-पशुपालन, पर्यटन, शिक्षा स्वास्थ्य र स्वरोजगारः सुदृढ जनस्वास्थ्य सहितको समृद्धि पञ्चपुरीको आधार" भन्ने दिर्घकालिन सोचलाई मुर्तरुप दिन भरपर्दो, सर्वसुलभ, गुणस्तरीय सेवा तथा सुविधा नगरवासीहरुलाई उपलब्ध गराई उनीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउन नगर सरकार दृढ संकल्पित रहेको छ।



पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

मुक्ति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

CamScanner

६. संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान, संविधान प्रदत्त स्थानीय साधन र स्रोतको अधिकतम उपयोगबाट प्राप्त हुने राजश्वलाई बजेटको प्राथमिकतामा राखी आयोजनाहरुको बाँडफाँडको व्यवस्था मिलाएको छु। जसबाट उत्पादकत्वमा बृद्धि भई गरिबी न्यूनीकरण र स्वरोजगारका अवसरहरु बृद्धि गर्दै समग्र नगरको समृद्धि हासिल हुने अपेक्षा गरिएको छ।

७. नगर क्षेत्र भित्र कार्यक्रमहरु सञ्चालन गर्दा अनुत्पादक क्षेत्रमा खर्च घटाउने, पुँजिगत बजेटको क्षेत्र बढाउने र चालु खर्चमा मितव्ययीता अपनाउने गरी बजेट प्रस्ताव गरेको छु।

८. स्थानीय सरकारका क्षेत्राधिकार भित्र रहेका कर र गैरकर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखी नगरलाई आत्मनिर्भर तर्फ उन्मुख बनाउनेमा जोड दिएको छु।

९. नेपालको संविधानमा उल्लेखित स्थानिय तहको अधिकारको सूची, सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको भूमिका र संतुलित विकासका आयोजनाहरुको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालु आर्थिक वर्षका कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिमार्जन, संशोधन र निरन्तरता दिंदै गतिशिल र लगानीमैत्री नगरपालिकाको पहिचान स्थापित हुने गरी बजेट विनियोजन गरेको छु।

१०. नगरपालिकाले लिएका लक्ष्य पुरा गर्न आ.ब. २०८२/०८३ को लागि तयार गरिएको बार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नगरबाट प्रवाह गरिने सेवा र सुविधाको गुणस्तरमा सुधार ल्याउन उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गरी समयानुकुल प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने,
- शिक्षा क्षेत्रमा लगानी गरी नगरको शिक्षाको गुणस्तरमा गुणात्मक फड्को मार्दै गरिवी, वेरोजगारी, असमानता र परनिर्भरता जस्ता समस्यालाई न्यूनीकरण गर्दै लैजाने,
- कृषिजन्य, पशुपन्छीजन्य र फलफूल उत्पादनलाई विशेष प्रोत्साहन गर्दै नगरलाई आत्मनिर्भर बनाउँदै लैजाने,
- सहभागितामूलक, सन्तुलित बजेट वितरण र नतिजामूखी विकास पद्दतिको अवलम्बन गर्ने,
- आर्थिक, भौतिक र सामाजिक पूर्वाधारको समुचित विकास गरी समृद्ध नगर सुखी र खुसी नगरवासीको लक्ष्यलाई परिपूर्ति गर्न सरोकारवालाको भूमिका निर्धारण र जनसहभागितामा बृद्धि गर्दै लैजाने,
- वित्तिय श्रोत परिचालन र व्यवस्थापनमा निजी क्षेत्र समेतको सहकार्यलाई बढावा गर्दै लैजाने,
- नगर क्षेत्रका सबै आर्थिक क्रियाकलामहरुलाई करको दायराभित्र ल्याउन राजश्व व्यवस्थापनमा सुदृढिकरण गरी नगरलाई आत्मनिर्भरता तर्फ उन्मुख गर्दै लैजाने।

११. पञ्चपुरी नगरपालिकाको आ.ब. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।



पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

मुक्ति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

- नगरको शैक्षिक गुणस्तरमा परिमाणात्मक र गुणात्मक सुधार ल्याउने,
- चालु आ.ब.मा क्रमागत रुपमा सञ्चालनमा रहेका आयोजनाहरुलाई प्राथमिकतामा राखी निर्माण कार्य पुरा गर्ने,
- दिगो विकासका लागि भौतिक पुर्वाधारहरुको संरचना निर्माण गर्दा आधारभूत तहको पूर्वाधार निर्माणमा विशेष जोड दिने,
- स्थानीय साधन, स्रोत, श्रम र सीप प्रविधिको अधिकतम प्रयोग गरी नगरको विकासमा विशेष जोड दिने,
- गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, आय आर्जन बृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने कार्यक्रम संचालन गर्दा स्थानीय जनसहभागितामा सञ्चालन गर्ने,
- कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार र व्यवसाय फस्टाउन सक्ने गरी लगानीको वातावरण सिर्जना गर्ने साथै नगरलाई आत्मनिर्भर गराउँदै लैजाने,
- स्थानीय भेषभुषा, धर्म संस्कृतिको पहिचान गरी संरक्षण र प्रवर्द्धन गर्ने,
- नगरपालिकाबाट हुने सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा विशेष योगदान पुर्याउने।

सभाध्यक्ष महोदय,

१२. अब म चालु आर्थिक वर्षको समष्टिगत आम्दानी र खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आ.ब. २०८१/०८२ को असार १० गते सम्मको समिक्षा

## आय तर्फः

| क्र.सं. | आयको स्रोत | बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी सरेको | २ करोड २४ लाख ६७ हजार १ सय ४८ रुपैया ६४ पैसा | |
| २ | आन्तरिक आय | ७५ लाख ५४ हजार ८ सय १९ रुपैया ३७ पैसा | |
| ३ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | १० करोड ०७ लाख ५२ हजार ४ सय ८० | |
| ४ | संघीय सरकार सशर्त अनुदान | २६ करोड ७३ लाख ७१ हजार ६ सय ५० | |
| ५ | संघीय सरकार विशेष अनुदान | ० | |
| ६ | संघीय समपुरक अनुदान | ० | |
| ७ | संघीय सरकार राजश्व बाँडफाँड | १० करोड ०२ लाख २६हजार ५ सय ७६ रुपैया २८ पैसा | |
| ८ | प्रदेश सरकार वित्तिय समानीकरण अनुदान | १ करोड २६ लाख ७१ हजार | |



पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

शान्ति देवि रेग्मी (पुरी) नगर उप-प्रमुख

CamScanner

| | | | |
|---|---|---|---|
| ९ | प्रदेश सरकार सशर्त अनुदान | ५ करोड ५४ लाख १२ हजार | |
| १० | प्रदेश सरकार राजश्व बाँडफाँड | ० | |
| ११ | प्रदेश सरकार समपूरक अनुदान | ० | |
| १२ | प्रकोप व्यवस्थापन कोष | १२ लाख ३४ हजार ३८९ | |
| १३ | कोरोना संक्रमण नियन्त्रण र उपचार कोष | १० लाख ५० हजार ४८४ | |
| १४ | मर्मत सम्भार कोष | ३३ लाख ५२ हजार ६३३ | |
| १५ | कर्मचारी कल्याण कोष | ३२ लाख | |
| १६ | महिला तथा बालबालिका कोष | ९२ हजार ५०० | |
| १७ | विविध खर्च खाता | ६८ लाख ५१ हजार २ | |
| १८ | बैंकखाता छोरीको सुरक्षा जीवन भरीको | ० | |
| १९ | सडक वोर्ड नेपाल | ० | |
| | जम्मा | ५८ करोड २२ लाख ३६ हजार ४ सय ८२ रुपैया २९ पैसा | |

**खर्च तर्फः**

| क्र.सं. | खर्चको शिर्षक | बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी सरेको | ९८ लाख ९९ हजार ९५० | |
| २ | आन्तरिक आय | ४६ लाख ४४ हजार १६४ | |
| ३ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | ६ करोड ४५ लाख ५६ हजार २८ रुपैया ५० पैसा | |
| ४ | संघीय सरकार सशर्त अनुदान | २२ करोड ५६ लाख ४ हजार १ सय ७५ रुपैया ७० पैसा | |
| ५ | संघीय सरकार विशेष अनुदान | ० | |
| ६ | संघीय समपुरक अनुदान | ० | |
| ७ | संघीय सरकार राजश्व बाँडफाँड | ९ करोड ६१ लाख ६७ हजार ८ सय ४८ रुपैया २४ पैसा | |
| ८ | प्रदेश सरकार वित्तिय समानीकरण अनुदान | ४२ लाख ८८ हजार ४५६ | |
| ९ | प्रदेश सरकार सशर्त अनुदान | १ करोड ६३ लाख ५५ हजार २१८ | |
| १० | प्रदेश सरकार राजश्व बाँडफाँड | १७ हजार | |
| ११ | प्रदेश सरकार समपूरक अनुदान | ० | |
| १२ | प्रकोप व्यवस्थापन कोष | ० | |
| १३ | कोरोना संक्रमण नियन्त्रण र उपचार कोष | ० | |
| १४ | मर्मत सम्भार कोष | १० लाख ९७ हजार ७४३ | |



पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

मुक्ति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

| | | | |
|---|---|---|---|
| १५ | कर्मचारी कल्याण कोष | ० | |
| १६ | महिला तथा बालबालिका कोष | ० | |
| १७ | विविध खर्च खाता | १४ लाख ८७ हजार ७०० | |
| १८ | बैंकखाता छोरीको सुरक्षा जीवन भरीको | ० | |
| १९ | सडक बोर्ड नेपाल | ० | |
| २० | बैक मौज्दात | १५ करोड ८१ लाख १८ हजार १ सय ९८ रुपैया ८५ पैसा | |
| २१ | जम्मा | ४२ करोड ४१ लाख १८ हजार २ सय ८३ रुपैया ४४ पैसा | |

सभाध्यक्ष महोदय,

माथि उल्लेखित खर्चहरुलाई खर्च शीर्षकगत रुपमा देहाय बमोजिम पेश गरेको छु ।

| क्र.सं. | खर्च संकेत नं. | खर्च शीर्षक | बार्षिक बजेट | हालसम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|
| १ | २१११११ | पारिश्रमिक कर्मचारी | १८६९०३४९२ | १७७७१९११६.९४ | ९१८४३७५.०६ |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | १२४५०००० | १२४५०००० | ० |
| ३ | २११२१ | पोशाक | १४६०००० | ३०००० | १४३०००० |
| ४ | २११३२ | महंगी भत्ता | १२००००० | ९२२००० | २७८००० |
| ५ | २११३३ | फिल्ड भत्ता | १०००००० | ९६३९०० | ३६१०० |
| ६ | २११३४ | कर्मचारीको बैठक भत्ता | ५००००० | २३८५०० | २६१५०० |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ११८०००० | १०००००० | १८०००० |
| ८ | २११३९ | अन्य भत्ता | ८००००० | २४८०९४ | ५५१९०६ |
| ९ | २११४१ | पदाधिकारी बैठक भत्ता | ५००००० | १९५०० | ४८०५०० |
| १० | २११४९ | पदाधिकारी अन्य भत्ता | ९००००० | ० | ९००००० |
| ११ | २२१११ | पानी तथा बिजुली | ६६०००० | १७००६३ | ४८९९३७ |
| १२ | २२११२ | संचार महसुल | १८१२००० | ७७२१६१ | १०३९८३९ |
| १३ | २२२११ | इन्धन (पदाधिकारी) | ८००००० | ६२५३३२ | १७४६६८ |
| १४ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २०१५००० | १७४३८६६ | २७११३४ |
| १५ | २२२१३ | सवारी साधन मर्मत खर्च | ३५००००० | २७६०४४६ | ७३९५५४ |
| १६ | २२२१४ | विमा तथा नवीकरण खर्च | ४००००० | ३९०००० | १०००० |
| १७ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १०००००० | ० | १०००००० |



पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय काँढियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

जुकि देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ६३००००० | ४५०००५५ | १७९९९४५ |
| १९ | २२३१२ | पशुपंक्षीहरूको आहार | २००००० | ९०००० | ११०००० |
| २० | २२३१३ | पुस्तक तथा सामग्री खर्च | ७४१६००० | ५४२०२१६ | १९९५७८४ |
| २१ | २२३१४ | इन्धन - अन्य प्रयोजन | ५००००० | ० | ५००००० |
| २२ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५००००० | १४९६४४० | ३५६० |
| २३ | २२४११ | सेवा र परामर्श खर्च | २०००००० | ० | २०००००० |
| २४ | २२३१९ | अन्य कार्याल सञ्चालन खर्च | २००००० | १८१०९९ | १८९०१ |
| २५ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५००००० | ० | ५००००० |
| २६ | २२४१३ | करार सेवा शुल्क | ४३७१९००० | ४१४२४९६९ | २२९४०३१ |
| २७ | २२४१४ | सरसफाईसेवा शुल्क | १००००० | ० | १००००० |
| २८ | २२४१९ | अन्य सेवा शुल्क | २६००० | २६००० | ० |
| २९ | २२५११ | कर्मचारी तालिम खर्च | २००००० | ३०२०० | १६९८०० |
| ३० | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १०००००० | ० | १०००००० |
| ३१ | २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | २७५५००० | ० | २७५५००० |
| ३२ | २२५२२ | कार्यक्रम खर्च | ४३३९५००० | २४५१८९१७ | १८८७६०८३ |
| ३३ | २२५२९ | विविध कार्यक्रम खर्च | ७५००० | ७५००० | ० |
| ३४ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | २८१७००० | १०९७६६४ | १७१९३३६ |
| ३५ | २२६१२ | भ्रमण खर्च | ६८०००० | ५९६८३० | ८३१७० |
| ३६ | २२६१९ | अन्य भ्रमण खर्च | १००००० | १००००० | ० |
| ३७ | २२७११ | विविध खर्च | १०३७८८८० | ५७५१०३० | ४६२७८५० |
| ३८ | २२७२१ | सभा सञ्चालन खर्च | ५००००० | ० | ५००००० |
| ३९ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ७०८६७००० | ५९७०५४६७ | १११६१५३३ |
| ४० | २५३१२ | स्वास्थ्य संस्थाहरुलाइ सहायता | ५६१२००० | ५५१२००० | १००००० |
| ४१ | २५३१५ | अन्य संस्था सहायता | ३००००० | ० | ३००००० |
| ४२ | २७१११ | सामाजिक सुरक्षा | ५४०२००० | २१३७६०० | ३२६४४०० |
| ४३ | २७११२ | अन्य सामाजिक सुरक्षा | ० | ० | ० |
| ४४ | २७२११ | छात्रवृत्ति | ३६७८००० | १४७७२०० | २२००८०० |



पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

मुक्ति देवी रेग्मी (पुरी)
नगर उप-प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | २७२१२ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | ३०३०००० | ११५०८९५ | १८७९१०५ |
| ४६ | २७२१३ | औषधीखरिद खर्च | ६०९२००० | १९६६८९६ | ४१२५१०४ |
| ४७ | २७२१९ | अन्य सामाजिक सहायता | ९००००० | ९००००० | ० |
| ४८ | २८१४२ | घरभाडा | ० | ० | ० |
| ४९ | २८१४३ | सवारी साधन तथा मेसीनरी ओजार भाडा | १०००००० | १७६००० | ८२४००० |
| ५० | २८२१९ | अन्य फिर्ता | ३५००००० | २९१३३३६ | ५८६६६४ |
| ५१ | २८९११ | भैपरी आउने चालु खर्च | ० | ० | ० |
| चालु खर्च जम्मा | | | ४४१८२३३७२ | ३६१३००७९२.९४ | ८०५२२५७९.०६ |
| ५२ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | २४९००००० | ८६३१३३२ | १६२६८६६८ |
| ५३ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४५०००० | ४३८१९७ | ११८०३ |
| ५४ | ३११२२ | मेशिनरी तथा औजार | २०००००० | ८९८५६१ | ११०१४३९ |
| ५५ | ३११२३ | फर्निचर तथा फिक्चर्स | १३७५००० | २७५००० | ११००००० |
| ५६ | ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | ८६०५००० | ५६५६३१३ | २९४८६८७ |
| ५७ | ३११५१ | सडक तथा पूल निर्माण | ७३२१७४०० | ६४४७६५० | ६६७६९७५० |
| ५८ | ३११५३ | विद्युत संरचना निर्माण | ० | ० | ० |
| ५९ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | २६३०००० | १९७०७६८ | ६५९२३२ |
| ६० | ३११५५ | सिंचाई संरचना निर्माण | २८३०५००० | १८८२१३९७ | ९४८३६०३ |
| ६१ | ३११५६ | खानेपानी संरचना निर्माण | ९१७५००० | ११०३५८६ | ८०७१४१४ |
| ६२ | ३११५७ | वन तथा वातावरण संरक्षण | ० | ० | ० |
| ६३ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ३९६८८७२० | १७३९९७१६ | २२२८९००४ |
| ६४ | ३११७१ | पूजीगत सुधार खर्च सार्वजनिक निर्माण | ५०००० | ० | ५०००० |
| ६५ | ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | २०००००० | ० | २०००००० |
| पूजीगत जम्मा | | | १९२३९६१२० | ६१६४२५२० | १३०७५३६०० |
| कूल जम्मा चालू पुजिगत समेत | | | ६३४२१९४९२ | ४२२९४३३१२.९४ | २११२७६१७९.०६ |

सभाध्यक्ष महोदय,

१४. आगामी वर्ष २०८२/०८३ को लागि प्रस्तावित संक्षिप्त बजेट यस प्रकार प्रस्तुत गर्ने अनुमति चाहन्छु।



नगर कार्यपालिकाको कार्यालय, पञ्चपुरी नगरपालिका, बाबियाचौर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

मुक्ति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

CamScanner

आय तर्फः

| क्र.सं. | आयको स्रोत | बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी सरेको | १ करोड | |
| २ | आन्तरिक आय | १ करोड ६६ लाख १५ हजार ४०० | |
| ३ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | १२ करोड ३ लाख | |
| ४ | संघीय सरकार सशर्त अनुदान | २६ करोड ७७ लाख | |
| ५ | संघीय सरकार समपूरक अनुदान | ३ करोड ८७ लाख | |
| ६ | संघीय सरकार विशेष अनुदान | ८३ लाख | |
| ७ | संघीय सरकार राजश्व बाँडफाँड | १४ करोड ४० लाख १२ हजार १६५ | |
| ८ | प्रदेश सरकार वित्तिय समानीकरण अनुदान | १ करोड ४९ लाख २७ हजार | |
| ९ | प्रदेश सरकार सशर्त अनुदान | ३ करोड २ लाख ३० हजार | |
| १० | प्रदेश सरकार समपूरक अनुदान | १ करोड ९५ लाख ५० हजार | |
| ११ | प्रदेश सरकार राजश्व बाँडफाँड | ५० लाख | |
| १२ | प्रकोप व्यवस्थापन कोष | १२ लाख ३४ हजार ३८६ | |
| १३ | कोरोना संक्रमण नियन्त्रण र उपचार कोष | १० लाख ५० हजार ४८४ | |
| १४ | मर्मत सम्भार कोष | ३३ लाख ५२ हजार ६३३ | |
| १५ | कर्मचारी कल्याण कोष | ३२ लाख | |
| १६ | महिला तथा बालबालिका कोष | ९२ हजार ३०० | |
| १७ | विविध खर्च खाता | ६८ लाख ५१ हजार २ | |
| १८ | बैंकखाता छोरीको सुरक्षा जीवन भरीको | ० | |
| १९ | सडक वोर्ड नेपाल | ० | |
| | जम्मा | ६९ करोड ११ लाख १५ हजार ३७० | |

खर्च तर्फः

| क्र.सं. | खर्चको शिर्षक | नगरबाट विनियोजित | सशर्तबाट विनियोजित | जम्मा बजेट रकम |
|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | १ करोड ६८ लाख २६ हजार १६ | १ करोड ६४ लाख ८ हजार | ३ करोड ३२ लाख ३४ हजार १६ |
| २ | सामाजिक विकास क्षेत्र | ६ करोड ३६ लाख ८४ हजार | ५ करोड ९५ लाख ८६ हजार | १२ करोड ३२ लाख ७० हजार |



पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाविचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

गुति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | पुर्वाधार विकास क्षेत्र | ७ करोड २२ लाख ३१ हजार ६४ | १४ करोड १२ लाख ५१ हजार | २१ करोड ३४ लाख ८२ हजार ६४ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | ७० लाख ३६ हजार ३३४ | ० | ७० लाख ३६ हजार ३३४ |
| ५ | संस्थागत विकास तथा सुशासन क्षेत्र | १५ करोड १० लाख ७७ हजार १५१ | १४ करोड ७२ लाख ३५ हजार | २९ करोड ८३ लाख १२ हजार १५१ |
| ६ | कोष खाताको रकम | १ करोड ५७ लाख ८० हजार ८०५ | ० | १ करोड ५७ लाख ८० हजार ८०५ |
| | जम्मा | ३२ करोड ६६ लाख ३५ हजार ३७० | ३६ करोड ४४ लाख ८० हजार | ६९ करोड ११ लाख १५ हजार ३७० |

अन्तमा,

१७ औं नगरसभाको शुभारम्भ कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्ने तथा नगरपालिकाको विकास निर्माणको कार्यमा सहयोग पुर्याउने नगर प्रमुख ज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यु, कार्यपालिका सदस्यज्युहरु, नगरसभा सदस्यज्युहरुबाट गहन मार्ग दर्शन एवम् रचनात्मक सुझाव प्राप्त हुनेछन्। उक्त मार्ग दर्शन एवम् सुझावहरुलाई मनन् गरी नगरको समग्र विकासलाई यथोचित ढंगले सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिएको छु। साथै नगरको समग्र विकास अभियानमा संवेदनशिल भै सहयोग गर्नुहुने राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिजयुहरु, राष्ट्रसेवक कर्मचारी, संघसंस्था, उद्योग बाणिज्य संघ, समाजसेवी, बुद्धिजिवी, शिक्षक, नागरिक समाज, सञ्चारकर्मी लगायत समग्र नगरवासी दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक कृतज्ञता एवं धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

मुक्तिदेवी रेग्मी (पुरी)
उप-प्रमुख
मितिः २०८२/०३/१० गते मंगलवार

मुक्ति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख